# महावै राजपत्र


## महावै गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ७ संख्या ०९ मिति २०८० माघ २८ गते


## भाग २

### महावै गाउँ कार्यपालिकाको कार्यालय

महावै गाउँ सभाले बनाएका तल उल्लेखित ऐन कर्णाली प्रदेशको गाउँ सभा नगर सभाको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन २०७५ दफा २४ उपदफा (५) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छ:

**संवत् २०८० सालको कार्यविधि नं ९**

**"एकल महिला संरक्षण कार्यक्रम सम्बन्धी कार्यविधि, २०८०"**

## प्रस्तावनाः

महावै गाउँपालिका क्षेत्रभित्रका एकल महिलाहरुको सशक्तीकरण क्षमता अभिवृद्धि तथा सामाजिक मर्यादा गरी सामाजिक न्यायको लागि आर्थिक तथा सामाजिक दृष्टिले कमजोर तथा विपन्न वर्गका एकल महिलाको हित संरक्षण तथा प्रवर्धन गर्दै आर्थिक सशक्तिकरण एवं जीविकोपार्जनमा सहयोग पुऱ्याउन वाञ्चनीय भएकोले यस महावै गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

**१) यस कार्यविधिको नाम "एकल महिला संरक्षण कार्यक्रम सम्बन्धी कार्यविधि, २०८०" रहेको छ । यो कार्यविधि महावै गाउँपालिका राजपत्रमा प्रकाशन पछि लागू हुनेछ ।**

२) **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) **"एकल महिला"** भन्नाले सम्बन्ध विच्छेद गरेकी महिला, विधवा, पैंतीस वर्ष उमेर पुरा गरेकी अविवाहित महिला, पाँच वर्षभन्दा बढी समय देखि पति हराएको वा बेपत्ता भएको महिला, अंशवण्डा गरी वा मानो छुटाई कानुनी रुपमा पतिसँग अलग बसेकी महिलालाई सम्झनु पर्दछ

ख) **"मन्त्रालय"** भन्नाले सामाजिक विकास मन्त्रालय सम्झनु पर्दछ ।

ग) **"वडा सचिव" भन्नाले महावै गाउँपलिकाको कार्यालय अर्न्तगतको वडा सचिवलाई सम्झनु पर्दछ ।**

घ) **"कार्यविधि"** भन्नाले एकल महिला संरक्षण कार्यक्रम सम्बन्धी कार्यविधि, २०७९ सम्झनु पर्दछ ।

ङ)

च) **"वडा"** भन्नाले महावै गाउँपालिका क्षेत्रभित्रका वडा सम्झनुपर्दछ ।

ज) **"वडा समिति"** भन्नाले महावै गाउँपालिका क्षेत्रभित्रका सम्बन्धित वडा समितिलाई सम्झनु पर्दछ ।

झ) **"वडा अध्यक्ष"** भन्नाले महावै गाउँपालिका मातहतका सम्बन्धित वडाका वडा अध्यक्षलाई सम्झनु पर्दछ ।

**ञ)** **"वडा सचिव"** भन्नाले महावै गाउँपालिका मातहत भित्रका वडा कार्यालयका सचिवलाई सम्झनु पर्दछ ।

**ट)** **"समिति"** भन्नाले कार्यविधिको नियम ३ बमोजिम प्रत्येक वडामा गठन हुने महिला विकास समिति सम्झनु पर्दछ ।

ठ) **"सदस्य"** भन्नाले यस कार्यविधि बमोजिम गठन हुने समिति तथा परिषद्का सदस्यलाई सम्झनु पर्दछ ।

ड) **"सामाजिक विकास समिति"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम सामाजिक क्षेत्र हेर्ने कार्यपालिका मातहतको सामाजिक विकास समितिलाई सम्झनु पर्दछ ।

ढ) **"संयोजक"** भन्नाले यस कार्यविधिको नियम ३ बमोजिम गठन हुने महिला विकास समितिका संयोजकलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२

## एकल महिला संरक्षण कार्यक्रम कार्यान्वयन प्रक्रियाः

**३. संरक्षण वापतको रकम उपलब्ध गराउने क्षेत्रहरुः**

**१) अति विपन्न एकल महिलाहरुलाई देहायका क्षेत्रमा आवश्यकता र प्राथमिकताको आधारमा संरक्षण वापतको रकम अनुदान स्वरुप उपलब्ध गराउन सकिनेछ ।**

**क) स्वरोजगार**
**ख) जीविकोपार्जन सहयोग**
**ग) औषधी उपचार**
**घ) कानूनी उपचार तथा मनोसामाजिक विर्मश**
**ङ) शैक्षिक सहयोग**

च) राहत तथा पुनर्स्थापना

छ) उद्धार

४. एकल महिला संरक्षण, छनौट तथा सिफारिस समिति देहायक बमोजिम रहनेछ ।

क) गाउँपालिका अध्यक्ष -संयोजक

ख) कार्यपालिका सामाजिक विकास समिति संयोजक -सदस्य

ग) महिला तथा बालबालिका/सामाजिक शाखाको प्रमुख -सदस्य सचिव

५. समितिको काम, कर्तव्य र अधिकारः दफा ४ बमोजिमका समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) वडा बाट उपलब्ध भएका एकल महिलाको निवेदन संकलन गर्ने ,

ख) वडाकार्यालयबाट संकलित निवेदन उपर छानविन, मूल्यांकन तथा प्राथमिकिरण गर्ने,

ग) दफा ४ मा उल्लेखित क्षेत्रहरु पहिचान गरी आवश्यकताको आधारमा अनुदान रकम उपलब्ध गराउन सम्बन्धीत स्थानीय तहलाई सिफारिस गर्ने छ र स्थानीय तहले अनुदान रकम पाउने एकल महिलाको अन्तिम निर्णय गर्नेछ ।

घ) रकम उपलब्ध गराइएका एकल महिलाहरुको विवरण एक प्रति अभिलेख कार्यालयमा राखी एक प्रति मन्त्रालयमा पठाउने ।

**६. आवश्यक कागजातहरु: कुनै पनि एकल महिलाले संरक्षण सम्बन्धी रकम मागदावी गर्दा निम्न कागजातहरु स्थानीय तहमा पेश गर्नुपर्नेछ।**

**क) एकल महिला प्रमाणित हुने कागजात**

**ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी**

**ग) अनुसूची:-२ बमोजिम लिन चाहेको सहयोगको क्षेत्र खुलाई व्यक्तिगत निवेदन**

**घ) सम्बन्धित वडाको सिफारिस**

**७. एकल महिला संरक्षण, छनौट तथा सिफारिस वडा स्तरीय समिति देहायक बमोजिम रहनेछ**

**१) पत्येक वडामा एकल महिला विकास सम्बन्धि योजना तथा कार्यक्रम गर्ने काम समेतका लागि एक एकल महिला विकास समिति रहनेछ।**

**२) समिति गठन देहायक बमोजिम हुनेछ :**

क) सम्बन्धित वडा समितिले तोकेको सम्बन्धित वडाको महिला जनप्रतिनिधिहरु मध्येबाट एकजान

-संयोजक

ख) सम्बन्धित वडाभित्रका टोल विकास संस्थाका अध्यक्ष वा निजले तोकेको टोल विकास संस्थाको पदाधिकारी वा सदस्यहरु एक/एक जना

-सदस्य

ग) महिलाको हक, हितको संरक्षण र सम्बर्द्धन वा समाज सेवाको क्षेत्रमा विशेष योगदान पुऱ्याएका महिलाहरु मध्येबाट वडा समितिबाट मोनोनित चार जना -सदस्य

घ) वडा सचिव वा निजले तोकेको कर्मचारी -सदस्य सचिव

३) उपनियम (२) को खण्ड (ख) र (ग) बमोजिमका सदस्यहरुको मनोनयन समावेशी सिद्धान्तको आधारमा वडा समितिले गर्नेछ ।

४) मानोनित सदस्यहरुको अवधि तिन वर्षको हुनेछ ।

५) उपनियम (४) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै मनोनित सदस्यले आफ्नो पद अनुरुपको आचरण नगरेको वा जिम्मेवारी पूरा नगरेको भनी समितिका बहुमत सदस्यहरुले ठहर गरी वडा समितिमा सिफारिस गरेमा वडा समितिले त्यस्तो सदस्यलाई जुनसुकै समयमा पदबाट हटाउन सक्नेछ । तर, पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

८. **समितिको बैठक र निर्णयः** (१) समितिको बैठक कम्तीमा तिन महिनामा एक पटक सम्बन्धित वडा कार्यालयमा बस्नेछ ।

२) संयोजकले तोकेको मिति र समयमा समितिको बैठक बस्नेछ ।

३) समितिको बैठक हुनुभन्दा कम्तीमा चौविस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सदस्य सचिवले सदस्यहरुलाई दिनेछ ।

४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरुको उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

५) समितिको बैठककमा बहुमतको राय मान्य हुने छ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

६) समितिको बैठकको निर्णय बैठकको अध्यक्षता गर्ने व्यक्तिले प्रमाणित गरी राख्नेछ ।

७) समितिको बैठकमा वडा अध्यक्षलाई आमन्त्रण गर्नु पर्नेछ ।

९. **समितिको काम, कर्तव्य र अधिकारः** यस कार्यविधिको अन्यत्र नियममा उल्लिखित काम, कार्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहायक बमोजिम हुनेछ :

**क) वडागत रुपमा एकल महिलाहरुको निवेदन संकलन गर्ने ,**

**ख) संकलित निवेदन उपर छानविन, मूल्यांकन तथा प्राथमिकिरण गर्ने र प्रमाणितको लागि पालिका स्तरीय छनौट समितिमा पठाउने । ,**

**ग)** वडा भित्रका टोल विकास संस्थाहरुले सम्पादन गर्ने कार्यमा आश्यक समन्वय तथा सहजीकरण गर्ने ।

घ) महिला सशक्तीकरण तथा मूल प्रवाहीकरण सम्बन्धी कार्यक्रमहरुको तर्जूमा गरी वडा समितिमा पेश गर्ने ।

ङ) वडा भित्र क्रियाशील महिलासँग सम्बन्धित संघ संस्थाहरुबीच आवश्यक समन्वय एवम् सहजीकरण गर्ने ।

च) वडाभित्रका एकल महिलाहरुलाई उद्यमशील बनाउनका लागि आवश्यक क्षेत्र पहिचान गरी वडा समितिमा सिफारिस गर्ने ।

छ) एकल महिलालाई सर्वाङ्गीण सिप मुलक विकासको मूल प्रवाहमा परिचालन गर्न अभियानमुलक कार्यहरु सञ्चालन गर्ने, गराउने ।

ज) एकल महिलालाई विकास निर्माण तथा समाज सेवाको क्षेत्रमा स्वयंसेवकको रुपमा परिचालन गर्ने, गराउने ।

झ) एकल महिलासँग सम्बन्धित विभिन्न संघ संस्थाको क्षमता अभिवृद्धि गर्ने, गराउने ।

ञ) लैङ्गिक हिँसा नियन्त्रणका आवश्यक कार्यक्रमहरुको तर्जुमा गरी वडा समितिमा पेश गर्ने ।

ट) कार्यपालिका तथा वडा समितिले तोकेको अन्य कार्य गर्ने, गराउने ।

१०. **एकल महिला संरक्षण कार्यक्रम सम्बन्धी खर्चको मापदण्ड:** दफा ४ बमोजिम अनुदान रकम पाउन छनौट भएका एकल महिलाहरुलाई स्थानीय तहले बढीमा एक पटकलाई रु.१०,०००।- (अक्षरुपी दश हजार रुपैयाँ मात्र) रकम अनुदान स्वरुप उपलब्ध गराउने छ ।

११. **बाधा अड्काउ फुकाउने अधिकार:** कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले निर्णय गरि त्यस्तो बाधा अड्काउ फुकाउनेछ ।

१२. **संशोधन एवं हेरफेर:** यो कार्यविधिमा कुनै बाधा अड्काउ परेको खण्डमा महावै गाउँपालिकाको कार्यपालिका बैठकले गाउँ सभामा पेश गरि आवश्यकता र औचित्यताको आधारमा कार्यविधिको व्यख्या, परिमार्जन/संशोधन र खारेजी गर्न सक्नेछ ।

प्रमाणीकरण मिति २०८०।०३।११

आज्ञाले

प्रकाश शाही

नि प्रमुख प्रशासकीय अधिकृत

मिति २०८०।०३।२१